# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २२ गते २०३३ साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको
### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खानेपानी तथा ढल निकास समितिको गुरू योजना अन्तर्गत ढल निकास ओभर फ्लो स्ट्रक्चर बनाउनको लागि वाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं नगर पञ्चायत अन्तरगत वार्ड नं. ३ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि.नं. ८, पश्चिम खीढल र कुलो, उत्तर कि. नं. ८, दक्षिण कि. नं. ७, यति चारकिल्लाभित्रको कि. नं. ७ बाट ०–१–२–१ र कि. नं. ८ बाट ०–०–२–२ समेतको जम्मा मालपोत रू.–।६८ (अठसट्ठी पैसा) लागेको जम्मा जग्गा ०–२–०–३ (दुई आना तीन दाम) को कित्ता।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

७९६ ~~६९६~~

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।